कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय,सिंहदरबार,काठमाडौं
प्रत्यायोजित विधायनको प्रकृति : कार्यविधि
दर्ता नं: २८/०८२
दर्ता मिति: २०८२/०६/१२

# स्टार्टअप उद्यम कर्जा कार्यक्रम सञ्चालन (पहिलो संसोधन) कार्यविधि, २०८२

प्रस्तावनाः स्टार्टअप उद्यम कर्जा कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६५ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले यो कार्यविधि बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "स्टार्टअप उद्यम कर्जा कार्यक्रम सञ्चालन (पहिलो संसोधन) कार्यविधि, २०८२" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. स्टार्टअप उद्यम कर्जा कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ को दफा १० मा संशोधनः स्टार्टअप उद्यम कर्जा कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ (यसपछि "मूल कार्यविधि" भनिएको) को दफा १ को सट्टा देहायको दफा १. उपदफा (२) को सट्टा देहायको उपदफा (२) र दफा (५) को सट्टा देहायको दफा (५) राखिएको छ।

"(१) दफा ९ बमोजिम पेस हुन आएका प्रस्तावको मूल्याङ्कन गरी कर्जाका लागि सिफारिस गर्न प्रतिष्ठानले देहाय बमोजिमको प्रस्ताव मूल्याङ्कन समिति गठन गर्नुपर्नेछ।

| | | |
|---|---|---|
| (क) | प्रतिष्ठानको निर्देशक वा अधिकृतस्तरको कर्मचारी | -संयोजक |
| (ख) | राष्ट्रिय वाणिज्य बैङ्कको अधिकृतस्तरको प्रतिनिधि | -सदस्य |
| (ग) | प्रतिष्ठानले तोकेको सम्बन्धित विषय क्षेत्रको विज्ञ | -सदस्य" |

"(२) प्रतिष्ठानले उपदफा (१) बमोजिम प्रस्तावको मूल्याङ्कन गरी कर्जाका लागि सिफारिस गर्न मूल्याङ्कन हुने मिति, स्थान र समय सहितको कार्यतालिका तयार गर्नुपर्नेछ।"

"(५) यस दफा बमोजिम गठन हुने मूल्याङ्कन समितिमा रहने सम्बन्धित विषय क्षेत्रका विज्ञ सदस्यको छनौट अनुसुची-३ बमोजिमको आधार तथा योग्यता हुनेगरी प्रतिष्ठानले विषय क्षेत्रगत विज्ञको रोष्टर तयार गरी गर्नु पर्नेछ।"

३. मूल कार्यविधिको दफा १३ मा संशोधनः मूल कार्यविधिको दफा १३ को शीर्षक, उपदफा (१), (२), (३), (७), (८) र (९) को सट्टा क्रमसः देहायको शीर्षक, उपदफा (१), (२), (३), (७), (८) र (९) राखिएको छः-

"१३. प्रस्तावको छनौट, सिफारिस तथा स्वीकृतिः"

कृष्ण बहादुर राउत
सचिव (उद्योग)

"(१) मूल्याङ्कन समितिले दफा १२ बमोजिम कम्तिमा पचास प्रतिशत अङ्क प्राप्त गर्ने प्रस्ताव मध्येबाट सबै भन्दा बढि अङ्क प्राप्त गर्ने प्रस्तावलाई प्राथमिकीकरण गरी कर्जा सिफारिस सूची स्वीकृतिका लागि प्रतिष्ठानको कार्यकारी निर्देशक समक्ष पेस गर्नु पर्नेछ।"

"(२) उपदफा (१) बमोजिम स्वीकृतिका लागि कर्जा सिफारिस सूचीमा समावेश भएका प्रस्तवहरुलाई प्रतिष्ठानको कार्यकारी निर्देशकले स्वीकृत गरी कर्जा प्रवाह गर्नेगरी तोकिएको बैङ्कमा सिफारिस गर्नुपर्नेछ।"

"(३) उपदफा (१) बमोजिम सिफारिस गर्दा प्रस्तावले प्राप्त गर्ने कर्जा रकम समेत निर्धारण गरी सिफारिस गर्नु पर्नेछ।"

"(७) उपदफा (२) बमोजिम स्वीकृत भएका प्रस्तावको लागि प्रतिष्ठानले आवश्यकता अनुसार उद्यमशीलता विकास र व्यवसाय व्यवस्थापन सम्वन्धी तालिम सञ्चालन गर्न सक्नेछ।"

"(८) उपदफा (२) बमोजिम स्वीकृत गरी सिफारिस भएको परियोजनाको विवरण प्रतिष्ठानले आफ्नो वेबसाइटमा सार्वजनिक गर्नुपर्ने र प्रस्तावमा संलग्न प्रस्तावकको सम्पर्क नम्बरमा फोन वा सन्देश मार्फत जानकारी दिनुपर्नेछ।"

"(९) उपदफा (२) बमोजिम स्वीकृत गरी सिफारिस भएका प्रस्तावकले सिफारिस भएको तीस दिनभित्र कर्जा प्रवाह गर्ने बैङ्कमा सम्पर्क गर्नु पर्नेछ।"

४. <u>मूल कार्यविधिको दफा २२ मा संशोधनः</u> मूल कार्यविधिको दफा २२ को शीर्षक, उपदफा (१) र उपदफा (५) को सट्टामा देहायको शीर्षक, उपदफा (१) र उपदफा (५) राखिएको छः

"२२. समन्य तथा सहजीकरण समितिः"

"(१) यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रमको समन्वय तथा सहजीकरण गर्न देहाय बमोजिमको समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | महाशाखा प्रमुख, औद्योगिक तथा लगानी प्रवर्द्धन महाशाखा, मन्त्रालय | -संयोजक |
| (ख) | कार्यकारी निर्देशक, औद्योगिक व्यवसाय विकास प्रतिष्ठान | -सदस्य |
| (ग) | निर्देशक, उद्योग विभाग | -सदस्य |
| (घ) | उपनिर्देशक, नेपाल राष्ट्र बैङ्क | -सदस्य |
| (ङ) | निर्देशक, निक्षेप तथा कर्जा सुरक्षण कोष | -सदस्य |
| (च) | प्रवन्धक, कर्जा प्रवाह गर्ने वाणिज्य बैङ्कमध्येबाट प्रतिष्ठानले तोकेको | -सदस्य |
| (छ) | अधिकृतस्तरको कर्मचारी, औद्योगिक व्यवसाय विकास प्रतिष्ठान" | -सदस्य सचिव |

"(५) समन्वय तथा सहजीकरण समितिको भूमिका देहायबमोजिम हुनेछ।

कृष्ण बहादुर राउत
सचिव (उद्योग)

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

(क) दफा १० को उपदफा (२) बमोजिमको प्रस्ताव मूल्याङ्कन सम्बन्धी कार्यतालिका निर्धारण गर्न प्रतिष्ठानलाई मार्गदर्शन गर्ने,

(ख) कार्यक्रम कार्यान्वयनलाई सहजीकरण गर्न अन्तरनिकाय समन्वय गर्ने,

(ग) कार्यक्रम कार्यान्वयनको क्रममा आइपर्ने समस्या समाधानका लागि सहजीकरण गर्ने,

(घ) कार्यक्रमसँग सम्बन्धित मन्त्रालयले तोकेका अन्य कार्यहरु।"

कृष्ण बहादुर [illegible]
सचिव (उद्योग)

नेपाल सरकार
वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं